सैनामैना नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बुद्धनगर, रुपन्देही ।

५ नं. प्रदेश, नेपाल

## विज्ञापन करको ठेक्का लगाउने सम्वन्धी

## सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७६।०५।१८**

सैनामैना नगरपालिकाको आर्थिक ऐन, २०७६ को दफा ७ बमोजिम यस नगरपालिका क्षेत्रभित्र विज्ञापन करको ठेक्का लगाउन आर्थिक वर्ष २०७६।०७७ को लागि वि.स.२०७७ साल आषाढ मसान्तसम्मको अवधिका लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिलका शर्तको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न इच्छुक व्यक्ति, फर्म वा संस्थाका लागि मिति २०७६।०५।०२ गते प्रथम पटक सूचना प्रकाशित गरिएकोमा आवश्यक दरभाउ पत्र नपरेकोले सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ९४ को उपनियम (५) बमोजिम को पुन: दोस्रो पटक यो सूचना आव्हान गरिन्छ ।

ठेक्काको विवरण :

ठेक्काको नाम : सैनामैना नगरपलिका क्षेत्रभित्रको लागि विज्ञापन कर

| आय ठेक्का नं. | न्यूनतम कवोल अंक (भ्याट बाहेक) रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|
| १/२०७६/०७७ | ५,००,०००। | १००० फिर्ता नहुने गरी |

१. ठेक्का अवधि सम्झौता भएको मितिले २०७७ साल असार मसान्त सम्म रहनेछ ।

२. ठेक्का अवधिको न्यूनतम अंक मुल्य अभिवृद्धिकर बाहेक रु. ५,००,०००। (पाँच लाख मात्र) रहनेछ ।

३. ठेक्काको दरभाउपत्र खरिद वापत लाग्ने दस्तुर नगदै वा कृषि विकास बैंक, पर्रोहा शाखामा यस कार्यालयको हि.नं. ०४१४२०११४९२१००१३ मा जम्मा गरेको बैंक भौचर, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि सहितको निवेदन पेश गरी यस कार्यालयवाट खरिद गर्न सकिनेछ । साथै एउटा फर्म वा व्यक्तिको नामबाट खरिद गरेको दरभाउपत्र अर्को फर्म वा व्यक्तिको नामबाट पेश गर्न पाइने छैन ।

४. माथि उल्लेखित ठेक्काको कबोल अंकको थप मुल्य अभिवृद्धि कर १३% (प्रतिशत) राजश्व ठेक्का लिने व्यक्ति,फर्म र संस्थाले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

५. ठेक्काको दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र खरिद गरी ८ औं दिनको १२.०० बजेसम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र सोही दिनको २.०० बजे दरभाउ पत्र खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्न, दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६. न्यूनतम ठेक्का अंक भन्दा घटी कवोल गरेको, म्याद नाघेको, रित नपुगेको कुनै शर्त राखि पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

कृष्ण प्रसाद भण्डारी
प्रमुख प्रशासकीय अधिकृत